# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ८ गते २०३० साल

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले श्री ५ महेन्द्रस्मृति संग्रहालयको लागि बागमती अञ्चल, काठमाडौं जिल्ला, टङ्केश्वर पञ्चायत वार्ड नं. ६ (ख) ताहाचल छाउनीको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गावालीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व, पश्चिम, उत्तर तीनैतिर कि.नं. ८२ को बाटो, दक्षिण कि.नं. ४८ र ५१ को जग्गा यति चार किल्लाभित्रको कि.नं. ४९ को ०–१५–१ पूरै, कि.नं. ५० को ०–३–२ पूरै, कि.नं. ६२ को ०–१–० पूरै, कि.नं. ६३ बाट ०–१–०, कि.नं. ६४ बाट ०–१–०, कि.नं. ६५ को ०–३–२ पूरै समेत जम्मा मालपोत रू. ६।१८ (छ रूपैयाँ अठार पैसा) लाग्ने जम्मा जग्गा रोपनी १–९–१ (एक रोपनी नौ आना एक पैसा) को कित्ता – – – – – १

आज्ञाले–

कृष्णबहादुर मानन्धर

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।